

# सेतो कमिला



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# सेतो कमिला



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

लेखन
कपिलवस्तु जिल्लाका प्रावि शिक्षकहरू

चित्राङ्कन कर्ता
सुनिल थापा

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ


बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्‌धिक विकासका लागि सिकाइ सम्बद्‌ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्‌यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्‌यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।


प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र


कमिलाको ताँती चारो खोज्न गइरहेको थियो ।




एउटा सेतो कमिला ताँतीमा मिसिन आयो ।




अरू कमिलाले छक्क परेर उसलाई हेरे । सेतो कमिलालाई अचम्म लाग्यो ।




उसले आफूलाई नियालेर हेऱ्यो ।
सबै ठिकै त छ ।




तााँतीमा छिर्न नपाएपछि ऊ छेउछेउबाट हिँडिरहेको थियो ।




सेतो कमिलालाई तिर्खा लाग्यो । ऊ नजिकैको कलमा पानी खान गयो ।




पानीको छायाँमा उसले आफूलाई सेतो देख्यो । जिउभरि पिठो लागेको रहेछ ।



सेतो कमिलाले नुहायो। ऊ फेरि ताँतीमा मिसिन गयो। अरूले भने, “किन ढिला आएको ?”



उसले मुसुक्क हाँसेर भन्यो, “म नुहाउँदै थिएँ ।”



उनीहरूले त्यो अघिकै सेतो कमिला हो भन्ने थाहै पाएनन् ।